अन्तिम लेखापरीक्षण प्रतिवेदन

भीरकोट नगरपालिका,स्याङ्जा

आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं:२०८

मितिः २०७८।०५।०४

श्री नगर प्रमुखज्यू,
भीरकोट नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
स्याङजा।

विषयः- लेखापरीक्षण प्रतिवेदन।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

Phone: 426238
4262415, 426241
Fax: 977-1-426830
977-1-426279
Post Box: 1332
बबरमहल, काठमाडौं, नेपा

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं.:१५५

मितिः२०७८।०५।०४

श्री नगर प्रमुखज्यू,
भीरकोट नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
स्याङजा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

कैफियत सहितको राय

हामीले भीरकोट नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु.२ करोड ३५ लाख १६ हजार बेरुजू देखिएको छ।सोमध्ये असुल गर्नुपर्ने रु.२० लाख २७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ८० लाख २६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २७ लाख ६३ हजार र पेस्की रु.७ लाख रहेको छ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१०।१५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २० (बीस) यसैसाथ संलग्न छ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यकारिणी, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

लेखापरीक्षण प्रतिवेदन

स्थानीय सञ्चित कोषः आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेकोछ।

प्राप्ती भुक्तानी हिसाव

विवरण	टिप्पणी	यस वर्ष रु.			
		बजेट	आफैले गरेको प्राप्ति / भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ति (क+ख)		७३८४००१५९	५८७२११५००.५६		५८७२११५००.५६
क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		४५२८६११५९	४१६३८९९००.५६	०	४१६३८९९००.५६
११००० कर	११	९१०१२१५९	५४३१६८९५.५४	०	५४३१६८९५.५४
१३००० अनुदान		३५८८१५०००	३५८८१५०००	०	३५८८१५०००
संघीय सरकार	१२	३१३१३२०००	३१३१३२०००	०	३१३१३२०००
प्रदेश सरकार	१२	४५६८३०००	४५६८३०००	०	४५६८३०००
१४००० अन्य राजस्व		३०३४०००	३२५८००५.०२	०	३२५८००५.०२
ख.अन्य प्राप्ति		२८५५३९०००	१७०८२१६००		१७०८२१६००
वितरण गर्न बांकि राजस्व		०	०	०	०
कोषहरु		७८००००	०	०	०
धरौटी		०	४९७६६३	०	४९७६६३
संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम		२८४७५९०००	१७०३२३९३७	०	१७०३२३९३७
भुक्तानी (ग+घ)		७५३२७०१५९	५७६७२४५४३.५२		५७६७२४५४३.५२
ग.भुक्तानी (सञ्चित कोषबाट)		४६७७३११५९	४०६०९१८४६.५२		४०६०९१८४६.५२
२१००० पारिश्रमिक/ सुविधा	१८	१७१०१३९५३	१६७४९५८२५.७०	०	१६७४९५८२५.७०
२२००० मालसामान तथा सेवाको उपयोग	१८	९२२७७१४५	७८५९७९८७.९४	०	७८५९७९८७.९४
२५००० सहायता(Subsidy)	१८	२१३२६९०२	१९८६९७५७	०	१९८६९७५७
२६००० अनुदान	१८	२८४६००००	१०६७५३९३.३५	०	१०६७५३९३.३५
२७०००सामाजिक सुरक्षा	१८	४४९६०००	३७२६१८९	०	३७२६१८९
२८००० अन्य खर्च	१८	४६८२१५९	३७८३२६१.८०	०	३७८३२६१.८०
३१००० गैर वित्तिय सम्पत्ती/पूँजीगत खर्च	१८	१४५४७५०००	१२१९४३४३१.७३	०	१२१९४३४३१.७३
घ.अन्य भुक्तानी		२८५५३९०००	१७०६३२६९७		१७०६३२६९७
कोषहरु		७८००००	०	०	०
धरौटी		०	४७५७७०	०	४७५७७०
संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम		२८४७५९०००	१७०३२३९३७	०	१७०३२३९३७
कट्टी रकम भुक्तानी/दाखिला गर्न बांकी			(१६७०१०)		(१६७०१०)
ङ.यो वर्षको बचत(न्युन)		(१४८७००००)	१०४८६९५७.०४		१०४८६९५७.०४
च.गतवर्षको जिम्मेवारी रकम(अ.ल्या)			१७१५०६४०.८८		१७१५०६४०.८८
वर्षान्तको बांकी रकम(ङ+च)		(१४८७००००)	२७६३७५९७.९२		२७६३७५९७.९२
बैंक तथा नगद बांकी	२४		४२०९५५३४.२०		४२०९५५३४.२०

	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ। यस नगरपालिका अन्तर्गत ९ वटा वडा, ७८·२३ वर्ग किलोमिटर क्षेत्रफल तथा २५५८३ जनसंख्या रहेको छ।	
	लेखापरीक्षणको क्रममा असुलीः सामाजिक सुरक्षा वापतको वढी भुक्तानी भएको रु-८४००।०० असुली भई दाखिला भएको छ।	
१.	**वित्तीय विवरणको विश्लेषणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिएअनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन। • पालिकाको आ-व- ०७५।७६ को अन्तिम लेखापरिक्षण प्रतिवेदनअनुसार गत वर्षको जिम्मेवारी रु. १५८५०१४०।८८ सारेकोमा सुत्रको वित्तिय प्रतिवेदन अनुसार गत वर्षको जिम्मेवारी रु. १७१५०६४०।८८ देखिएको छ। वास्तविक जिम्मेवारी सारेको रकम र सुत्रको वित्तिय प्रतिवेदनमा रु. १३००५००।०० फरक देखिएकोले सो सम्वन्धमा यथार्थता एकिन गरी हिसाव मिलान गर्नुपर्दछ। • पालिकाको धरौटी खाता र विभिन्न कोष सहित यस वर्षको अन्तिम मौज्दात रु-३६३२१७१५।५८ रहेकोमा सुत्रको वित्तिय विवरणमा अन्तिम मौज्दात रु-२७६३७५९७।९२ देखिएकोले सुत्रको वित्तिय विवरणमा कमि देखिएको रु-८६८४११७।६६ को सम्वन्धमा पालिकाले स्पष्ट पारी हिसाव मिलान गर्नुपर्दछ। • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएता पनि सोले देखाएको वित्तिय प्रतिवेदन यथार्थ रहेको पाईएन। त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।	
२.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन। • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन। • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.१४ लाख ५ हजार , पुजीगत खर्च खातामा रु १करोड ४१ लाख १०	

हजार समेत गरी रु.१ करोड ५५ लाख १५ हजार मौज्दात रहेको पाईयो। उक्त रकम श्रावण २९ गते मात्र ट्रान्सफर गरेको बैंक स्टेटमेन्टबाट देखिन्छ।

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न व्यक्ति तथा संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टीडिएस गरेको पाइएन।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने

सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः योजनामा सोको पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ र प्रशासनिकतर्फ समेत ६१ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः ५२ पदपूर्ती भएको ९ दरवन्दी रिक्त रहेकोले कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था अनुसार योजना तर्जुमा तथा कार्यन्वयन गरेको पाइएन।
- फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ तथा नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख भएकोमा पालिकाले फोहोरमैला व्यवस्थापन गर्न दिर्घकालिन योजना वनाई कार्यान्वयन गरेको पाइएन ।
- सामाजिक सुरक्षा नियमावली २०७६, को नियम २३(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेमा पालिकाले समयमा प्रतिवेदन गर्ने कार्य गरेको पाइएन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ वमोजिम स्थानिय तहले भु जोखिम संवेदनशिलताका आधारमा जग्गाको उपयोग सम्वन्धि मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृती दिन सक्ने व्यवस्था भएकोमा नगरपालिकाले जग्गाको उपयोग सम्वन्धी मापदण्ड वनाई लागु गरेको देखिएन।

- सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि, २०७५ दफा ३३ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्नेमा नगरेको साथै पालिकावाट पठाएको रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा नगरपालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।
- पालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर तथा विद्युतिय सामान लगायतका सम्पत्तीको मुल्याङकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्नेमा सो गरेको पाइएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा रु-३८ करोड ७६ लाख ९२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।१० मा पारित भएको छ। बजेट पारित पश्चात नगरपालिका प्रमुखले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्नेमा असारको २५ गते अख्तियारी प्रदान गरेको। नगरपालिकाले ऐनमा भएको व्यवस्थाको पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ।

४. **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजिगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा वढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

५.

पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
कूल खर्चः	१२१९४३	१८२८५	४७५००	५६१५८	२९१४५
खर्चको प्रतिशत		१४.९९	३८.९५	४६.०६	२३.९०

६. **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। नगरपालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म र मृत्यु दर्ता ९६७ ,नाता प्रमाणित ४४३, घरवाटो सिफारिस ४६३, नागरिकता सिफारिस ९४७, अन्य ३३३ वटा दर्ता गरेको पाइयो। अन्यमा ३३३ देखाइएकोमा अन्य कुन-कुनमा हो भनी यकिन हुन सकेन। पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा अभिलेख राखेको छैन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

७. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट खर्चको स्थितिको शिर्षकगत विवरण पेश नभएकोले क्षेत्रगत वजेट खर्चको शिर्षकगत अवस्था एकिन गर्न सकिएन। खर्चको शिर्षकगत विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत

आर्थिक विकास	२०८९१०००	१३६१९०००	३.३५
सामाजिक क्षेत्र	२२३०३००००	१९७३३१०००	४८.५९
पूर्वाधार विकास क्षेत्र	१०३१७९०००	८४४३३०००	२०.७९
वित्तीय व्यवस्थापन तथा सुशासन	८४३७०००	८३२४०००	२.०६
कार्यसंचालन तथा प्रशासनिक खर्च	११२१९३०००	१०२३८३०००	२५.२१
जम्मा	४६७७३००००	४०६०९००००	१००

८. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ९३ लाख ६३ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु- ४० करोड ७० लाख २६ हजार समेत रु-४१ करोड ६३ लाख ८९ हजार आम्दानी भएकोमा चालु तर्फ रु-२८ करोड ४१ लाख ४८ हजार र पूँजिगत तर्फ रु-१२ करोड १९ लाख ४३ हजार समेत रु-४० करोड ६० लाख ९१ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा २.३० प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु- ९० लाख खर्च भएको छ जुन आन्तरिक आयको ९६-७७ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९-९७ प्रतिशत चालु र ३०-०३ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ। यसरी प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

९. **आन्तरिक लेखापरीक्षण नगराएकोः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ। पालिकाको जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भएको निकासा रकमको आन्तरिक लेखापरीक्षण भएको र बाँकी समानीकरण तथा आन्तरिक आय व्ययको लेखापरीक्षण भएको पाइएन। पालिकाले कानुनको परिपालना गरी आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ।

१०. **आन्तरिक आयतर्फ** : स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने, रसिद नियन्त्रण खाता राख्नुपर्ने, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिस दस्तुर, सम्पत्तिकर, मालपोत रजिष्ट्रेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन। यो वर्ष आन्तरिक आयवापत रु.९३ लाख ६३ हजार आम्दानी देखिएको छ। पालिकाले आवश्यक म.ले.प.फा.न. हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

११. **आन्तरिक आयको विश्लेषणः** पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणअनुसार नगरपालिकाले यस वर्ष रु ९३ लाख ६३ हजार वास्तविक आन्तरिक आय प्राप्त गरेकोमा सुत्रको वित्तिय प्रतिवेदनको अनुसुची ११ ले रु५ करोड ७५ लाख ७४ हजार आन्तरिक आम्दानी प्राप्त गरेको देखाएको छ। पालिकाले पेश गरेको र सुत्रको वित्तिय विवरणमा फरक परेको रकम रु४ करोड ८२ लाख ११ हजारको सम्वन्धमा पालिकाले स्पष्ट पार्नुपर्ने देखिन्छ। सुत्रको अनुसुची ११ मा पालिकाले यस वर्ष एकिकृत सम्पती कर, घरवहाल कर लगायतका शिर्षकहरुमा शुन्य कर र अन्य कर शिर्षकमा रु ६२ लाख २८ हजार आम्दानी गरेको देखिन्छ। पालिकाले शिर्षकगत आम्दानी श्रेस्ता अद्यावधिक नगर्दा कुन आम्दानी शिर्षकवाट के कती आम्दानी भयो भनी एकिन गर्न सकिएन। पालिकाले शिर्षकगत आम्दानीको अद्यावधिक अभिलेख व्यवस्थित गर्नुपर्दछ।

११.१.	**घटी दरमा कर उठाएको:** गण्डकी प्रदेश आर्थिक ऐन, २०७६ को अनुसूची ६ मा रोडा, ढुङ्गा, गिट्टी, चिप्स, गेग्रान, चट्टानको सकलनको दर प्रति क्यूफिट रु.४ का दरले निर्धारण गरेको छ। नगरपालिकाले यसवर्ष निर्माण व्यवसायी तथा अन्यबाट नदिजन्य पदार्थ विक्रिवापत सम्पूर्ण कर समेत रु.३२५८००५।०० रकम संकलन गरेको पाइयो। यसरी संकलन गर्दा प्रति क्यूफिट रु.४ का दरले गर्नुपर्नेमा रु.२.६६ का दरले संकलन गरेकोले नगरपालिकाले रु.१६४१२५१।०० ले घटी आम्दानी गरेको देखिएको रु...	१६४१२५१
११.२.	**राजश्व बाँडफाँडः** गण्डकी प्रदेश सरकारले जारी गरेको कर तथा गैरकर राजश्व संकलन सम्बन्धी निर्देशिका, २०७५ को दफा २३ (४) मा स्थानीय तहले संकलन गरेको विज्ञापन कर, मनोरञ्जन कर, तथा दहत्तर-बहत्तर शुल्क बापत प्राप्त गरको कुल राजश्व रकमको ४० प्रतिशतले हुने रकम प्रत्येक महिना प्रदेश सरकारलाई पठाउनु पर्न व्यवस्था भएकोमा नगरपालिकाले उक्त शिर्षकबाट जम्मा रु ३२५८००५।०० संकलन गरेकोमा सोको ४० प्रतिशतले हुने रु.१३०३२०२।०० पालिकाको संचित कोषमा नै रहेकोले प्रदेश सरकारको संचित कोषमा दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्ने रु..	१३०३२०२
११.३.	**कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेकोमा नगरपालिकाले उल्लिखित शिर्षकबाट शून्य कर संकलन गरेको तथा अन्य आयवापतको शिर्षक राखी वार्षिक रु ६२ लाख २८ हजार राजश्व संकलन गरेको विवरण पेश गरेको छ यसबाट कुन कुन शिर्षकाबाट कति कर असूली भएको एकिन नहुनका साथै पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले राजश्व असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ।	
१२.	**अनुदान फिर्ताः** सुत्रको वित्तिय विवरणको अनुसुची २१ मा फिर्ता गर्ने अनुदान रु २ करोड ६४ लाख ७२ हजार देखिएकोमा पालिकाले अषाढ मसान्तसम्म खर्च नभइ बाँकी रहेको अनुदान मिति २०७७।०३।३१ मा रु ३३ लाख फिर्ता गरेको छ। नगरपालिकाले फिर्ता गरेको रकम र सुत्रको वित्तिय विवरणले देखाएको फिर्ता गर्नुपर्ने अनुदान रकम विचको फरक रु १ करोड २५ लाख ७२ हजारको सम्वन्धमा पालिकाले यथार्थता एकिन गरी प्रष्ट पार्नुपर्ने देखिन्छ।	
१३.	**कोभिड-१९ तर्फः**	

कोभिड-१९ मा नगरपालिकाबाट भएको खर्चको श्रेस्ता परीक्षणबाट देखिएका व्यहोराहरु यस प्रकार रहेका छन्

आम्दनी स्रोत	रकम	खर्च शिर्षक	रकम
स्थानीय तहको आफ्नै वजेटवाट	१६२०५१४	राहात वितरण	३१६९७७२
संघिय कोभिड कोषवाट	१००००००	निर्माण व्यवस्थापन	१४१९४०४
अन्य स्रोतवाट प्राप्त	५२४९०१५	औषधी एवम स्वास्थय उपकरण खरिद	१००००००
		बाँकी	२२८०३५३
जम्मा	७८६९५२९	जम्मा	७८६९५२९

यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

- पालिकावाट प्राप्त विवरण अनुसार कोभिड १९ को समयमा अग्र स्थानमा रहि कार्य गर्ने ४५ जना कर्मचारी तथा पदाधिकारी मध्ये ६ जनालाई शत प्रतिशत र बाँकी ३९ जनालाई पचास प्रतिशतले रु ५७८०००।०० प्रोत्साहान खर्च वापत खर्च लेखेको छ।
- पालिकाले प्राप्त गरेको आम्दानीमा अन्य स्रोतवाट प्राप्त भनी रु५२४९०१५।०० देखिएकोमा सो को विस्तृत विवरण नखुलाइएकोले उक्त आम्दानी कुन कुन स्रोतवाट प्राप्त भएको हो सो को एकिन गर्न

	सकिएन।	
१३.१.	**समान खरदिः** ८।२०७७।२।१५ सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा खरिद प्रतीस्पर्धा सिमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रु ५ लाख देखि २० सम्म लाख लागत अनुमान भएको मालसामान सिलबन्धी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाको नमुना छनौटको आधारमा परिक्षण गर्दा कोभिड १९ महामारीमा राहत स्वरुप रु५९६४५०।०० को खाद्य सामाग्री प्रतिस्पर्धा वेगर खरिद गरेको पाइयो।कार्यालयले खरिद कार्य गर्दा निमयमानुसार तोकिएको विधीमार्फत खरिद गर्नुपर्दछ।	
	सामाजिक सुरक्षातर्फः	
१४.	**निस्क्रिय खाताः** सामाजिक सुरक्षा कार्यक्रकम संचालन कार्यविधि २०७५ अनसुसूचि ७ को बुंदा न ७ मा सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसुची ८ को बुंदा नं १० मा बैंकले निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महनाभित्र सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ।लेखापरीक्षणको क्रममा विवरण माग गरेपश्चात निस्क्रिय खाताको प्रमाणित विवरण प्राप्त भएको छ।मुक्तिनाथ विकाश बैंकको लिमिटेड बंयरघारी शाखाबाट आर्थिक बर्ष ०७६।७७ को अन्त्य सम्ममा २ जना लाभग्राहिहरुको जम्मा रु १०४४७।०० गरिमा विकास बैंक लिमिटेड बंयरघारी शाखाबाट २४ जना लाभग्राहिहरुको जम्मा रु२१५९४८।०० गरि कुल रु२२६३९५।०० रकमको खाता निस्क्रिय रहेको बैंकबाट मिति २०७७।०९।०७ को प्रमाणित विवरण संलग्न छ।उल्लिखित निस्क्रिय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहीहरु सम्वन्धमा सम्वन्धित वडाबाट एकिन गरी नभएको अवस्थामा खातामा निस्क्रिय रहेको रकम असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु...	२२६३९५
	समानीकरण चालुः	
१५.	**खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले यो वर्ष खाना तथा विविधमा रु २८ लाख खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।	
१६.	**आर्थिक सहायताः** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको वित्तीय समानीकरण तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा उक्त शिर्षकबाट रु.८३४०५२।०० आर्थिक सहायता वितरण गरेको देखियो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधि तयार नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र	

औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। पालिलका चालु आ. व. मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्

गो भौ न र मिति	आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम	सहायता रकम
९५/०७६/७/१७	शान्ती कुमारी कुवँर	१५०००
९९/०७६/७/१८	मिना वि क	५००००
१०१/०७६/७/१८	कालिका सामुदायिक अस्पताल एम्वुलेन्स चालकको तलव सहयोग	५२०००
१०८/०७६/७/१८	विभिन्न व्यक्तिलाई आर्थिक साहायता तथा पुर्नस्थापना	३०५५००
१९५/०७६/१०/०३	विष्णु कुमारी श्रेष्ठ	१००००
१९८/०७६/१०/५	सलिक मिँया	१००००
१९९/०७६/१०/५	डाँसी नारायण श्रेष्ठ	१५०००
४१९/०७६/११/१	कुल वहादुर क्षेत्री	५००००
४२८/०७६/११/७	वोध कुमारी खवास	२००००
४३७/०७६/११/८	विभिन्न व्यक्ति तथा सस्थालाई आर्थिक साहायता	३०६५५२
	जम्मा	८३४०५२

यसरी विभिन्न व्यक्ति तथा संस्थालाई सहायता प्रदान गर्दा निश्चित मापदण्ड एंव कार्यविधि बनाई सोका आधारमा मात्र प्रदान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१७. **अनुत्पादक तथा वितरणमुखी खर्चः** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.१८ लाख ५७ हजार खर्च गरेको देखिन्छ। यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।

गो भौ न र मिति	भुक्तानी पाउने संस्थाको नाम	रकम
५५/०७६/६/१४	राष्ट्रिय लोक दोहोरी प्रतिष्ठान जिल्ला कार्यसमिती स्याङ्जा	६००००
६२/०७६/६/१५	गल्याङ पोष्ट साप्ताहिक	२००००
७२/०७६/६/१५	भिरकोट जेसिस	४००००
२३१/०७६/१०/८	नेवा समाज,	१०००००
४१२/०७६/१०/२९	तारापुञ्ज युवा क्लव	५००००
४४१/०७६/११/८	नवप्रभात युवा क्लव	५००००
५९३/०७७/१/१६	मेयर कप भलिवल प्रतियोगिता	१३७७२७०
६७९/०७७/२/२८	नेपाल मगर संघ	२५०००
६९७/०७७/०३/०३	स्याङ्जा सहयोग समाज	७५०००
७०६/०७७/०३/०४	भिरकोट कालिका युथ क्लव	६००००
	जम्मा	१८५७२७०

१८. **स्वीकृत दरवन्दी वेगरको करार सेवाः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा अन्य रुपमा कर्मचारीहरु राखी तलव भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत भई भुक्तानी गर्ने पदाधिकारीबाट असूल उपर गर्नुपर्ने व्यवस्था गरेको छ। नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ र ८७ तथा मन्त्रालयबाट जारी भएको उपरोक्त कार्यविधिमा उल्लिखित विपरीतको सहायक कम्प्यूटर अपरेटर पदमा जम्मा ९ जनालाई मासिक रु. २२१७०।०० का दरले तलब सुविधा तोकी

	दशै खर्च समेत १३ महिनाको जम्मा भुक्तानी भएको रकम नियम संमत नभएको रु..	२५९३८९०
१९.	**कार्यालयको भनाईः** हाल प्रत्येक वडाबाट दैनिक रुपमा संचालन गरिने प्राविधिक कार्य गर्ने जनशक्तिको अभाव रहेकोले उक्त पदमा करारमा जनशक्ति नियुत्ती गर्नुपर्ने वाध्यता रहेकोले हाल कार्यलयले व्यवस्थापन तथा सर्वेक्षण गरी स्वीकृतिको लागि मन्त्रालयमा पठाउने तयारीमा रहेको भनाई रहेको छ।	
२०.	**जग्गाको भाडाः** सार्बजनिक निकायले सार्वजनिक श्रोतको उपयोग गर्दा मितव्ययी र अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा नगरपालिकाले विभिन्न १२ जना व्यक्तीको जग्गा भाडामा लिई वसपार्क सञ्चालन गरी भौ नं २०२।०७६।१०।५ वाट उक्त जग्गाको वार्षिक भाडा वापत रु २६२९२८ खर्च लेखेको छ ।नगरपालिकाको उद्देश्य नगरपालिका क्षेत्रभित्र यातयात सञ्चालनलाई व्यवस्थित गरी यातयात आवतजावतमा सहजता ल्याउने भएता पनि पुर्वसम्भावयता विना नै वसपार्कको स्थान छनौट भएकोले नगरक्षेत्रमा उक्त वसपार्क को उपयोग भन्दा पनि वाटोको किनारमा नै गाडी पार्कीङ गर्ने गरेको पाइयो।नगरपालिकाले यस प्रकारका कार्य गर्दा पुर्वसम्भाव्यता अध्ययन गरी सबैलाई पायक पर्ने गरी स्थान छनौट गर्नुपर्दछ ।	
	कृषि विकास तर्फः	
२१.	कृषि विकास तर्फको कार्यक्रममा बिभिन्न जातका फलफुलका बिरुवा अनुदानमा बिभिन्न कृषकहरुलाइ बितरण गरेको देखिन्छ।बिरुवा उपलब्ध गराउंदा जग्गाको क्षेत्रफल एकिन गरेको पाइएन साथै विरुवाको स्थितीबारे अनुगमन गरेको पाइएन।प्राविधीक रुपमा यो कार्यक्रमको अवस्थाबारे यकिन गरी कृषकलाइ सहयोग एवं सल्लाह प्रदान गर्नुपर्दछ ।फलफुलको लागी मौसम हावापानी,भुवनावटको आधारमा पकेट क्षेत्रको विकास गरिनुपर्दछ।	
२२.	**कृषि अनुदानः** ५३/०७६०६/१४ वातावरण तथा सरसफाई कार्यक्रम कृषक नगरपालिका ५०/५० प्रतिशत अनुदान कार्यक्रम अन्तर्गत विभिन्न विरुवा खरिद तथा वितरण गरी खर्च लेखेको रु७४०००मा कृषक तर्फको ५० प्रतिशत अनुदान हिस्सा रु ३७००० पनि नगरपालिकावाट नै खर्च लेखेकोमा अनुदान वापत कृषकसंग लिनुपर्ने रकम सम्वन्धित कृषकवाट असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु--	३७०००
२३.	**विल भरपाई वेगरको भुक्तानीः ११/०७६/६/७** आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ३६(३) मा खर्च गर्दा सार्वजनिक निकायले सो खर्चलाई प्रमाणित गर्ने बील भरपाई तथा रीत पुगे नपुगेको जाँच गरी लेखा राख्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी वापत आँधीखोला टेक्नीकल एण्ड एजुकेशन प्रा लि लाई विल भर्पाई विना नै भुक्तानी दिइएको रु ४ लाख को कार्यक्रम खर्च पुष्टि गर्ने विल भरपाई पेश गर्नुपर्ने अन्यथा असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु...	४०००००
	वित्तीय समानीकरण पूँजीगतः	
२४.	**योजना छनौटः** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रका विषयमा स्थानीयस्तरको विकासको लागी आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्धकालिन विकास योजना वनाई लागु गर्नुपर्ने व्यवस्था रहेको छ ।साथै नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पुर्वानुमान,आयोजनाको प्रथामिकीकरण,योजना कार्यान्वयन तालिका र अनुगमन मुल्याङ्कन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले तर्जुमा गरी कार्यान्वयन गरेका अधिकांश वडा स्तरीय योजनाहरु ऐनमा भएको व्यवस्थाअनुरुप तर्जुमा तथा कार्यान्वयन गरेको पाइएन । आ व २०७६।७७ मा तर्जुमा भएका कुल १५० वडा स्तरीय योजनामध्ये करिव ६० प्रतिशत योजना १ लाख भन्दा साना, २८ प्रतिशत योजना २ लाख भन्दा साना र १० प्रतिशत योजनामा मात्र ३ लाख भन्दा वढि रकम विनियोजन भएको पाइयो । नगरपालिकाले योजना तर्जुमा गर्दा साना र टुक्रे प्रकृतीका योजनामा भन्दा दिर्धकालिन रुपमा लाभ प्राप्त हुने, रोजगारी सिर्जना हुने र उत्पादकत्व वृद्धि हुने खालका योजनामा ध्यान	

दिनुपर्ने देखिन्छ ।

२५. **५० प्रतिशत मू अ कर कट्टी नभएकोः** मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघ सस्थाले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपुर्ति वापतको रकम सम्वन्धित निर्माण व्यवसायी वा आपुर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामवाट सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले देहायनुसारका निर्माण व्यवसायी तथा परामर्शदाताहरुलाई दिएको भुक्तानीमा ५० प्रतिशत कट्टी गरी राजश्व शिर्षकमा दाखिला गर्नुपर्नेमा पुरै रकम भुक्तानी दिएकोले ५० प्रतिशतले हुने रकम असूल गर्नुपर्ने रु.... १४४०६५३

गो. भौ. न: र मिति	भुक्तानी पाउने फर्मको नाम	बील रकम	मू.अ.कर रकम	५० प्रतिशतले हुने मू. अ. कर रकम
०८,२०७६.०६.१४	फेवा गजिन्द्र जे भी स्याङ्जा	५७५५३६७	६६२१२२	३३१०६१
३९,२०७६.०८.०३	बतास ट्याक्टर प्रा लि काठमाण्डौं	१७६१५०५	२०२६५१	१०१३२६
१३८,२०७६.१२.०३	दर्शन कन्सट्रक्सन प्रा लि	९२४५८४	१०६३६८	५३१८४
६४,२०७६.१०.१२	फेवा गजिन्द्र जे भी स्याङ्जा	१४६७७२२७	१६८८५३०	८४४२६५
४४८.२०७६.११.११	कृष्ण इञ्जिनियरिङ्ग कन्सल्टेन्सी	४४३४१२	५१०१२	२५५०६
२३,२०७६.०६.०९	कन्भास इञ्जिनियरिङ्ग कन्सल्टेन्सी	९८३१००	११३१००	५६५५०
२०७,२०७६.१०.०६	ॐ सत्य शाही फिल्म	४९९९९९	५७५२२	२८७६१
	जम्मा	२५०४५१९४	२८८१३०५	१४४०६५३

२६. **बढी भुक्तानीः** ४०७।२०७७।०३।३० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजातको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले सानो खोल्सा लिफ्टिङ्ग खानेपानी योजना उपभोक्ता समितिलाई प्राविधिक मूल्यांकन एंव संझौता बमोजिम नगरपालिकाको अंश रु.१९२७४०१।०० भुक्तानी दिनुपर्नेमा रु. १९४६०००।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१८५९९।०० सम्वन्धित उपभोक्ता समितिबाट असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु... १८५९९

२७. **सोझै खरिदः**०९।२०७६।०६।१४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम सिलवन्दी दरभाउपत्रको माध्यमबाट मालसामानहरु खरिद गर्नुपर्नेमा नगरपालिकाले फोहोरमैला व्यवस्थापन केन्द्र ल्याण्डफिल्ड साइडको लागि ॐ गुप्ता सप्लायर्स सिद्धार्थ नगरपालिका बुटवलसंग रु.१४०२६१३।०० का ल्याण्डफिल्ड साइडको लागि आवश्यक पर्ने बिभिन्न प्रकारका मालसामानहरु खरिद गरेको पाइयो।नियमावलीमा भएको व्यवस्थाको पालना नगरी खरिद गरेकोले अनियमित भएको रु... १४०२६१३

२८. **आनुपातिक कट्टी नगरेकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई भुक्तानी गर्दा प्राविधिक मूल्यांकनका आधारमा संझौता बमोजिम आनुपातिक रुपमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकाले ल्याण्डफिल्ड साइड उपभोक्ता समितिसंग ४.३९ प्रतिशत उपभोक्ताको जनश्रमदानमा कूल रु.२५६२३८७।०० मा संझौता गरी कार्य गरेकोमा कूल प्राविधिक मुल्यांकन रु.१९०७५२३।०० को मात्र भएकोले उपभोक्ता समितिको अंश कट्टा गरी रु.१८२५५००।०० भुक्तानी गर्नुपर्नेमा पुरै भुक्तानी भएकोमा बढी भुक्तानी भएको रकम असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु... ८२०२३

२९. **उपभोक्ता समितिबाट असम्वन्धित कार्य गराएकोः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सोसम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उदेश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई

	सहभागी गराउने भएमा समिति वा लाभग्राही समुदायलाई कार्यविधि पुरा गरी कार्य गराउन सकिने व्यवस्था छ। नगरपालिकाले नगरपालिकाको वडा न. ७ को भवन निर्माण कार्यको लागि वडा न.७ भवन निर्माण उपभोक्ता समिति गठन गरी कूल लागत अनुमान रु.४०४१७९६।०० मध्ये रु. ३७०००००।०० नगरपालिकाले वेहोर्ने गरी संझौता गरी निर्माण कार्य गरेको पाइयो। यसरी निर्मित संरचना हाल सरकारी कामकाज गर्ने भवनको रुपमा रहेको छ। यस्तो सार्वजनिक प्रकृतिको निर्माण कार्य गराउँदा सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रही प्रतिस्पर्धा गराई गर्नुपर्नेमा सो नगरी उपभोक्ता समितिको अपनतव नै नहुने कार्यमा निश्चित समिति बनाई भएको कार्य अनियमित देखिएको रु...	३७०००००
३०.	**धरौटी कट्टी नभएकोः** १।२०७७।०३।०५ र ६४।२०७६।१०।१२ सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२३ (४) मा सार्वजनिक निकायले खरिद संझौता बमोजिम रनिङ्ग विल वा विजकको भुक्तानी गर्दा बिल वा बिजकमा उल्लेखित रकमको ५ प्रतिशत रकम कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले फेवा गजिन्द्र जे.भी. कास्कीलाई उल्लेखित मिति र गोश्वारा भौचरबाट मू. अ. कर समेत भुक्तानी भएको रकम क्रमशः रु.२३९२२५५।०० र रु.१४६७७२२७।०० समेत गरी जम्मा रु.१७०६९४८२।०० को मू.अ. कर बाहेका हुने रकम रु.१५३८०९५२।०० को ५ प्रतिशतले हुने रु.७६९०४८।०० सम्वन्धित निर्माण व्यवसायीबाट कट्टा गरी पालिकाको धरौटी खातामा जम्मा भएको प्रमाण पेश गर्नुपर्ने रु....	७६९०४८
३१.	**सार्वजनिक शौचालय प्रयोग बिहिन स्थितिमा रहेकोः** नगरपालिकाले भीरकोट नगरपालिका वडा न. मा सार्वजनिक शौचालय निर्माण कार्यको लागि सार्वजनिक शौचालय निर्माण उपभोक्ता समिति भीरकोटसंग प्रदेश सरकारको ६० प्रतिशत र नगरपालिकाको ४० प्रतिशत लागत साझेदारीमा रु.२८ लाख ३२ हजारमा संझौता गरी रु.२५ लाख ९० हजार भुक्तानी भएको छ। आषाढमा निर्माण कार्य संपन भएको उक्त संरचना केही महिनामा पछि आएको बाढीले प्रयोग गर्न नमिल्ने गरी करिव ३० प्रतिशत भन्दा बढी भाग पुरिएको अवस्थामा रहेको स्थलगत निरीक्षणको क्रममा देखियो। शौचालयको डिटेल ड्रइङ्गबाट उक्त संरचना जम्मा ४५६ वर्ग फिटमा निर्माण भएको छ। ३ वटा शौचालय कोठा र १ वटा सानो सटर समेतको उक्त संरचनाबाट कसैले कुनै लाभ लिएको पाइएन। शौचालयको उत्तरी भागमा ठूलो पहाड रहेकोले सामान्य वर्षातमा समेत पहिरो जाने प्रकृतिको जमिनको स्वरुप रहेकोले प्राविधिकले शुरुमा गरेको ड्रइङ्ग तथा लागत अनुमान तयार गर्दा नै त्रुटीपूर्ण देखिन्छ। उपभोक्ता समितिबाट भएको कार्यको संरक्षण एंव मर्मत संभार सो समितिबाटै गर्नुपर्नेमा गरेको पाइएन। स्थलगत अवलोकनको क्रममा हाल उक्त शौचालयलाई चालु हालतमा ल्याउनको लागि पहिरो पन्छाउने तथा माथिल्लो भागमा आर.सी. सी. वाल लगाउने कार्य नगरपालिकाबाटै भईरहेको पाइयो जहाँ शुरु संरचना निर्माण गर्दा लागेको लागत भन्दा शत प्रतिशत भन्दा बढी थप खर्च लाग्ने देखिन्छ। जसलाई फोटोबाट समेत हेर्न सकिन्छः	

	 माथिका यी सवै पक्षको विश्लेषण गर्दा यस्ता सार्वजनिक प्रयोजनका कुनै भौतिक संरचनाको डिजाइन, ड्रइङ् तथा लागत अनुमान तयार गर्दा सो आयोजना स्थलको संम्भाव्यता अध्ययन गर्नुपर्ने तथा यस्ता जटिल एंव सार्वजनिक प्रकृतिका कार्यहरु उपभोक्ताबाट नगराई प्रतिस्पर्धा गराई निर्माण व्यवसायीबाट गराउने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ।	
३२.	**परामर्शदाताको प्राविधिक मूल्यांकनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ र १२ मा क्रमशः परामर्शदाताको आर्थिक प्रस्तावको मूल्यांकन पूर्व प्राविधिक प्रस्तावको मूल्यांकन गर्ने र उक्त मूल्यांकनमा पास भएका प्रस्तावदाताहरुको मात्र आर्थिक प्रस्ताव खोल्नुपर्ने तथा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको अन्य निकायले तयार पारेको नर्म्स आदि कुरालाई कुरालाई आधार मानी लागत अनुमान तयार पार्नुपर्ने व्यवस्था छ। प्रस्ताव सम्वन्धी कागजातमा परामर्शदाताको छनौट गर्न अंकभार उल्लेख गर्दा सार्वजनिक निकायले परामर्शदाताको खास कामको अनुभवमा कूल अंकको २५ प्रतिशतसम्म, कार्यसंपादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्तप्रतिको प्रभावग्राहीतामा कूल अंकको २० देखि ३५ प्रतिशत, योग्यता र अनुभवमा ३० देखि ६० प्रतिशतसम्म र प्रविध हस्तान्तरण तथा	

तालिममा कूल अंकको १० प्रतिशत सम्म अंक दिई प्राविधिक प्रस्तावको मूल्यांकन गर्नुपर्नेमा पालिकाले विभिन्न कार्यको छनौट भएका निम्न परामर्शदाताहरुलाई माथी उल्लेखित शर्तमा तोकीएको अवस्था पुरा नगरेकोमा समेत अधिकांश शर्तमा सत प्रतिशत अंक प्रदान गरी प्राविधिक मुल्यांकन गरेको पाइयो। योग्यता र अनुभवमा ३० देखि ६० प्रतिशतसम्म अंक प्रदान गर्नुपर्नेमा ७० प्रतिशत अंक प्रदान गरेकोले मुल्याकंन पक्रिया नै त्रुटिपुर्ण रहेकोले सो रकम अनियमित देखिएको रु .. ३४२५४३२

क्र स	कामको विवरण	भुक्तानी पाउनेको नाम	भुक्तानी भएको रकम
२६२,०७६.१०.१२	नगरपालिकाको आवधिक विकास रणनैतिक योजना	स्कोलर नेपाल प्रा.लि. काठमाण्डौं	१००००००
२३,०७६.०६.०९	वडा नं १ देखि ९ सम्मका विभिन्न भागमा पर्ने सडक सर्भे डिजाइन	क्यान्भास इञ्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि.	९८३१००
२०३,०७६.११.०७	फोहोरमैला विस्तृत डिजाइन कार्य	पेरेनियम इञ्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि.	९९८९२०
४४८,०७६.११.११	बानथोक रिजे रोजीखोला सर्भे	कृष्ण इञ्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि.	४४३४१२
	जम्मा		३४२५४३२

३३. **डोजरबाट भएको कार्यको प्राविधिक मूल्यांकन नभएको:** भीरकोट नगरपालिलकाको ब्याकहो लोडर/ट्रिपर संचालन सम्वन्धी कार्यविधि, २०७४ को अनुसूची -१ मा ब्याकहो लोडर/ट्रिपर तथा डोजरको तेल बाहेक प्रतिघण्टा भाडादर रु २२००।०० कायम गरिएको छ। नगरपालिकाले चालु आ व मा आफ्नो नाममा रहेका दुईवटा ह्याभी इक्युपमेन्टहरुमध्ये साविकको सानो डोजर वर्षभरी तथा ठूलो एक्साभेटर मंसिरमा रु. १ करोड ४१ लाखमा खरिद गरी ७ महिना प्रयोग गरेको कार्यालयले राखेको सवारीको लकबुकबाट देखिन्छ। ठूलो एक्साभेटर जम्मा ८७४ घण्टा र सानो १८९७ घण्टा प्रयोग भएको छ। ठूलो र सानोको तेल समेतको प्रतिघण्टा भाडादर क्रमशः रु.४५००।०० र २३००।०० निर्धारण गरिएको छ उक्त भाडादरको आधारमा अन्य व्यक्ति वा संस्थालाई भाडामा लगाएको खण्डमा क्रमशःरु. ३९ लाख ३३ हजार र ४३ लाख ६३ हजार समेत गरी जम्मा रु. ८२ लाख ९६ हजार आम्दानी प्राप्त हुने देखिन्छ। कार्यालयले वर्षभरी कुनै पनि व्यक्ति तथा संस्थालाई भाडामा नलगाएकोले यसबाट वार्षिक आम्दानी शुन्य रहेको पाइयो। करोडौं रकम खर्चेर खरिद भएको डोजरबाट पालिकाले शुन्य आम्दानी गर्नु औचित्यपूर्ण देखिएन। वार्षिक जम्मा २७७१ घण्टा कुन- कुन योजनामा कति कति घण्टा प्रयोग गरियो भनी सोको रेकर्ड समेत अद्यावधिक नगरेको तथा सोको प्राविधिक मूल्यांकन समेत गरेको पाइएन। दुईवटा मेशिनको प्रयोगमा बार्षिक तेल तथा डोजर चालक तथा हेल्परको तलब भत्तामा रु.४५ लाख ६८ हजार खर्च भएको छ। नगरपालिकाले योजनामा भएको खर्च वराबरको प्राविधिक मूल्यांकन समेत नगरेकोले कुन- कुन योजनामा मेशिन प्रयोग भएको हो र कति कार्य भएको सोको एकिन समेत नभएकोले नगरपालिकाले चालु खर्च वरावरले हुने रु.४५६७७००।०० को प्राविधिक मूल्यांकन गरी सोको प्रमाण पेश गर्नुपर्ने रु... ४५६७७००

मेशिनको प्रकार	प्रयोग भएको घण्टा वार्षिक	प्रयोग भएको तेलको परिमाण लि	तेलको दर रु.	रकम रु.	चालक तथा हेल्परको वार्षिक खर्च रु.	जम्मा खर्च रु.
एक्साभेटर ठूलो	८७४	१७४८०	८६	१५०३२८०	५५९०००	२०६२२८०
डोजर सानो	१८९७	१८९७०	८६	१६३१४२०	८७४०००	२५०५४२०
जम्मा	२७७१	३६४५०		३१३४७००	१४३३०००	४५६७७००

३४. **रोजगारी सिर्जना नहुने काम उपभोक्ता समितिबाट गराएको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा

काममा मितव्ययी, गुणस्तरीय, रोजगारी सिर्जना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ। यस नगरपालिकाले देहायका कार्यहरु निर्माण व्यवसायीका ह्याभी मेशिन उपकरणहरु प्रयोग गरी शत प्रतिशत मेशिनबाट भएको कार्य स्वीकार प्रतिवेदनबाट देख्न सकिन्छ। यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोग गरी काम गराउँदा प्रतिस्पर्धा नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर नहुने, पूर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउँदा रोजगारी सिर्जना नहुने अवस्था देखिने हुँदा यसरी गरेको कार्य ऐनको प्रतिकूल समेत देखिन्छ। नमुना छनौटको आधारमा भौचर परीक्षण गर्दा निम्न योजनाका कार्यहरु शत प्रतिशत मेशिनबाट भएको पाइयो । केही उदाहरणहरु यस प्रकार रहेका छन्

गो .भौ. न. र मिति	योजना तथा उपभोक्ता समितिको नाम	भुक्तानी भएको रकम	कूल कार्यमा मेशिनबाट भएको कार्य प्रतिशत
१२,२०७६.०६.१४	भीरकोट नगरपालिका वडा नं ७ भवन निर्माण उ समिति	४०७४०९९	१००
५८,२०७६.१०.१०	सार्वजनिक शौचालय निर्माण उपभोक्ता समिति भीरकोट	२५९०५००	१००
०९,२०७६.०६.१४	ल्याण्डफिल्ड साइड उपभोक्ता समिति	१९०७५२३	१००
	जम्मा		

३५. **माटो परीक्षणः २२९,२३०/०७७/३/३१** आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ३६ (३) मा खर्च गर्दा सार्वजनिक निकायले सो खर्चलाई प्रमाणित गर्ने बील भरपाई तथा रीत पुगे नपुगेको जाँच गरी लेखा राख्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले माटो परिक्षण तथा माटो सुधारको लागी प्रविधि वितरण र हस्तान्तरण शिर्षकवाट द साइन्स हाउस चिप्लेढुङ्गा पोखरालाई भुक्तानी गरि खर्च लेखिएको रु९४९७० र राममराज हार्डवर्यस मुस्ताङचोक पोखरालाई भुक्तानी गरी खर्च लेखिएको रु९९००० को नगदी रसिद मात्र पेश भएकोले सो रकमवाट के कति सेवाग्राही लाभावन्वीत भए र माटो परिक्षणको प्रतिवेदन प्राप्त भए नभएको तथा के कती मात्रामा सामाग्री खरिद र हस्तान्तरण भयो भन्ने एकिन गर्न सकिएन। नगरपालिकाले उक्त शिर्षकवाट खर्च लेखेको कुल १९३९७० रकमको खर्च पुष्टी गर्ने माटो परिक्षण प्रतिवेदन तथा सामाग्री खरिद तथा वितरणको दाखिला प्रमाण पेश गर्नुपर्ने रु== १९३९७०

३६. **अन्य कार्यालयको खर्चः २८३/०७७/३/१०** स्थानिय तहले खर्च गर्दा मितव्ययी तवरले खर्च गर्नुपर्दछ । नगरपालिकाले भौ नं २८३।०७७।३।१० वाट मालपोत कार्यालय पुतलिवजारको कार्यालय मर्मत सम्भार वापत रु७५००० खर्च लेखेको छ। नगरपालिकाको आफ्नो सम्वन्धित कार्यलय वाहेकका अन्य कार्यालयको मर्मत गर्न सोही कार्यालयवाट वजेट व्यवस्था हुने र सोही कार्यालयवाट नियमानुसार खर्च गर्ने भएकोले नगरपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

शिक्षा तर्फः

३७. **वढी निकासाः** स्थानिय तहले कार्यरत शिक्षकको तलव भत्ता सम्वन्धि एकिन विवरण शिक्षा विकास तथा समन्वय इकाइवाट प्राप्त गरि वा अद्यावधिक गरि सोही अनुसार दरवन्दीमा, शिक्षक अनुदान कोटामा र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकका लागी विधालयवाट प्राप्त माग फाराम रुजु गरी अनुदान दिनुपर्ने कार्यक्रम कार्यन्वयन पुस्तिकाको क्रियाकलाप नं १.१.१.६७ मा व्यव्था रहेको छ। नगरपालिकामा सञ्चालनमा रहेका कुल ३९ विधालयमध्ये नमुना छनौटका आधारमा निम्न विधालयको तलव भत्ता निकासाको परिक्षण गर्दा प्रथम चौमासिकमा भौं नं २ ।२०७६।६।८ वाट कुल रु= ४ करोड ५७ लाख ३९ हजार ७

<table>
<tr><td></td><td>सय ९८ निकासा भएकोमा देहायका विधालयमा प्रथम चौमासिकमा विधालयवाट माग भएभन्दा रु १ लाख ९२ हजार ७ सय २० निकासा भएको पाइयो। यसरी माग भन्दा वढि निकासा भएको रकम सम्वन्धित विधालयवाट असुल गरि सञ्चित कोष दाखिला गर्नुपर्ने रु--
<table>
<tr><th>विधालयको नाम</th><th>माग रकम</th><th>निकासा रकम</th><th>वढि निकासा</th><th>कैफियत</th></tr>
<tr><td>दहथुम मा वि</td><td>४७८०४१८</td><td>४८५०४३८</td><td>७००२०</td><td>ECD वाहेकको माग र निकासा</td></tr>
<tr><td>भाग्योदय मा वि</td><td>४९२४६८७</td><td>५०४११६०</td><td>११६४७३</td><td>ECD सहित</td></tr>
<tr><td>कालिका आधारभुत विधालय खिलुङ्ग</td><td>५५९२२९</td><td>५६५४५६</td><td>६२२७</td><td></td></tr>
<tr><td>जम्मा</td><td>१०२६४३३४</td><td>१०४५७०५४</td><td>१९२७२०</td><td></td></tr>
</table></td><td>१९२७२०</td></tr>
<tr><td>३८.</td><td>पाठ्यपुस्तक अनुदानः ८८।०७६।११।८ विधालय क्षेत्र विकास कार्यक्रम कार्यन्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं २.४.६.१ मा वैशाखवाट सुरु हुने शैक्षिक सत्रको विधार्थी भर्ना संख्याको यथार्थ तथ्याङ्क सम्वन्धित शिक्षा अधिकृतवाट प्रमाणित र एकिन गरी पाठ्यक्रम विकास केन्द्रको स्वीकृत दररेट वमोजिम कक्षा १ देखी १० सम्म अध्ययनरत विधार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दोस्रो चौमासिकमा पाठ्यपुस्तक अनुदान रकम विधालय खातामा निकासा दिने र विधार्थीले शैक्षिक सत्रको सुरुवातमै पुरा सेट नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी नपुग हुने रकम मात्र थप निकासा दिने उल्लेख छ ।यस नगरपालिका अन्तर्गत सिरकोट मा वि मा पाठ्यपुस्तक वापत गो भौ नं ८८।२०७६।११।०८ वाट प्रथम पटक रु ६१५५० (७५ प्रतिशत) र नपुग भनी रु ४६७९८ माग भएकोमा कार्यालयले गो भौ नं १९९।२०७७।३।२३ वाट ७६७९८ निकाशा भएकोले वढि निकासा भएको रकम असुल गरि सञ्चित कोष दाखिला गर्नुपर्ने रु...</td><td>३००००</td></tr>
<tr><td>३९.</td><td>सामदायिक सिकाइ केन्द्र अनुदानः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं २.७.१३.११ को ६.७ मा स्थानीय तहले नियमित रुपमा चलेका सिकाई केन्द्रको व्यवस्थापन समितीले गरेको सिफारिसको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा हाजिरी प्रमाण प्राप्त भएपछि सामुदायिक परिचालकको न्युनतम तलव भत्ताको रकम उपलव्ध गराई वाँकी रकम प्रस्तावका आधारमा उपलव्ध गराउने गरी अधिकतम २ लाख सम्म अनुदान दिने व्यवस्था रहेको छ ।नगरपालिकामा सञ्चालित तिन वटा सामुदायिक सिकाई केन्द्रलाई गो भौ नं ८८।२०७६।११।०८ वाट २ लाखका दरले जम्मा ६ लाख अनुदान उपलव्ध गराएकोमा लेखापरिक्षणको क्रममा ढापुक सामुदायिक सिकाई केन्द्र र धनथान सामुदायिक सिकाई केन्द्रको मात्र हाजिर तथा परियोजना प्रस्ताव पेश भएको र वगरेवजार सामुदायिक सिकाई केन्द्रको हाजिरी तथा परियोजना प्रस्ताव वेगर पालिकावाट अनुदान निकासा गरेकोले उक्त सामुदायिक सिकाई केन्द्रको हाजिरी तथा परियोजना प्रस्ताव पेस गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु...</td><td>२०००००</td></tr>
<tr><td>४०.</td><td>छात्रवृती अनुदानः विधालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन कार्यक्रम पुस्तिका २०७६।७७ को क्रियाकलाप नं ७.२.१.१ मा सार्वजनिक विधालयमा अध्ययनरत विधार्थीहरुका लागी आवासिय तथा गैरआवसिय छात्रवृती एवम् सामुदायिक विधालयका आधारभुत तथा माध्यमिक तहमा अध्ययनरत विधार्थीहरुका लागी विपन्न लक्षित हुने गैर आवसिय छात्रवृती वापत कक्षा १ देखी ८ सम्म अध्ययन गर्ने गैरदलित छात्राछात्र लाई प्रतिविधार्थी रु४०० र कक्षा १ देखी ८ सम्म अध्ययन गर्ने दलित विधार्थीलाई प्रतिविधार्थी रु ५०० का दरले रकम उपलव्ध गराउने व्यवस्था रहेको छ ।नगरपालिकाले यस वर्ष भौ नं ८८।११।०८ वाट रु ५ लाख ९२ हजार छात्रवृती रकम निकाशा गरेकोमा छात्रवृती वितरणको भर्पाई पेश नभएकोले सो को वितरण भए नभएको एकिन गर्न सकिएन ।लेखापरिक्षणको क्रममा केही विधालयमा सम्पर्क गरि वुझ्दा लेखापरिक्षण अवधिसम्म पनि उक्त रकम विधालयको खातामा रहेको र वितरण भई नसकेको जानकारी प्राप्त भएकोले उक्त रकम वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु==--</td><td>५९२०००</td></tr>
</table>

४१.	**शिक्षक विद्यार्थी अनुपातः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।	

सि.न	विद्यालयको नाम	शिक्षक दरवन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	जम्मा विद्यार्थि संख्या
१.	श्री अमर आ.वि	३	३	०	२०
२.	श्री कालिका आ.वि,खिलुङ	४	२	२	१९
३.	श्री कालिका आ.वि भतेर, पाटा	८	५	३	१२९
४.	श्री गढीभञ्याङ आ.वि	२	२	०	१७
५.	श्री जनज्योति आ.वि,खिलुङ	४	३	१	२४
६.	श्री जनज्योति आ.वि,गुमार्दि	८	५	३	५६
७.	श्री जनप्रिय मा.वि	१४	११	४	१६१
८.	श्री जनविकास आ.वि	३	२	१	२८
९.	श्री जनसेवा आ.वि	३	३	०	१४
१०.	श्री ठूलिभञ्ज्याश्ङ मा.वि	१०	६	४	१४४
११.	श्री तिलाहारनेटा आ.वि	२	२	०	२२
१२.	श्री दभुङ्गठाटी मा.वि	१३	९	४	१५०
१३.	श्री दहथुम मा.वि	२५	२२	३	४३८
१४.	श्री दिपज्योति आ.वि	२	२	०	१७
१५.	श्री देउरालीभञ्ज्याङ आ.वि	२	१	१	१२
१६.	श्री ध्रुवदेउराली आ.वि	४	३	१	३६
१७.	श्री पब्लिक एकेडेमी मा.वि	१४	११	३	२२४
१८.	श्री पिपलडांडा मा.वि	११	८	३	२२५
१९.	श्री पूर्णदुर्गाभवानी आ.वि	४	२	२	४१
२०.	श्री प्रगति आ.वि	२	२	०	१२
२१.	श्री बटुकभैरव आ.वि	२	१	१	१०
२२.	श्री बाघभैरबी आ.वि	२	२	०	१०
२३.	श्री बालबर्ष आ.वि	४	४	०	४४
२४.	श्री भवानी आ.वि	२	२	०	१४
२५.	श्री भविश्यनिर्माण आ.वि	४	१	३	३५
२६.	श्री भाग्योदय मा.वि	२२	२०	२	५७६
२७.	श्री महालक्ष्मी आ.वि	२	२	०	२१
२८.	श्री महेन्द्रज्योति मा.वि	११	६	५	११६
२९.	श्री रत्नदेविस्थान आ.वि	२	१	१	११
३०.	श्री राजेन्द्र भवानी मा.वि	१४	११	३	९२
३१.	श्री रानीरह आ.वि	२	२	०	१७
३२.	श्री लक्ष्मी आ.वि	५	५	०	३०
३३.	श्री लुब्दीखोला आ.वि	२	२	०	२२
३४.	श्री शहीद शुक्र मा.वि	१७	१४	३	३९०
३५.	श्री सरस्वती आ.वि	२	१	१	१०
३६.	श्री सितलचौर आ.वि	२	२	०	१३
३७.	श्री सिरुखर्क जोगिस्थान मा.वि	११	६	५	१३६
३८.	श्री सिर्कोट मा.वि	९	३	६	१८९
३९.	श्री सूर्यमूखी आ.वि	४	१	३	४०
	जम्मा	२५७	१९०	६८	३५६५

	यस सम्वन्धमा निम्नानुसार देखिएको छ। १. स्थानीय तह मातहतमा रहेका ३९ विद्यालयमा २५७ शिक्षक दरवन्दी रहेकोमा १९० पदपुर्ती भएको र पदपुर्ती भएको र पदपुर्ती मध्ये ६८ करारमा देखिन्छ। दरवन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ। २. विद्यार्थी संख्याको तुलनामा शिक्षक वढी भएकोवाट कम भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ।	
४२.	**प्रधानमन्त्री रोजगार कार्यक्रमः**स्थानीय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ। नगरपालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरी रु२२ लाख ५० हजार खर्च भएको देखिन्छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चलन निर्देशिका २०७५ को दफा २ (ट) मा वेरोजगार व्यक्तिलाई स्थानिय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरी परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यविधिको दफा १३(१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिहरु मध्येवाट निर्देशिकाको दफा २१ को उपदफा (३) वमोजिमको प्रथामिकता क्रममा आधारमा काममा खटाउनु पर्ने व्यवस्था रहेको छ। नगरपालिकाले वेरोजगार व्यक्तिहरुको सुचि तयार गरि परिचयपत्र वितरण गरेर प्रथामिकताको आधारमा मात्र कामका लागी पारिश्रमिक कार्यक्रममा सहभागी गराउनु पर्नेमा सो गरेको पाइएन वडाको सिफारिसका आधारमा मात्र कामदारहरु छनौट गरी कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक वेरोजगार व्यक्तिहरुले नै रोजगारी प्राप्त गरे भन्ने आधार रहेन। कर्यक्रममा सहभागी कामदारको ज्याला वैकिङ प्रणालीवाट भुक्तानी गर्ने अवस्था हुदा हुदै सो नगरी डोर हाजिरीमा नै भर्पाई गरी पालिकावाट एकमुष्ट रुपमा एक जना व्यक्तिको नाममा रकम निकासा भएकोले वितररण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन । आयोजना सञ्चालन पुर्व स्थानिय तहले प्राविधिक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने र सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा कतिपय आयोजनामा प्राविधिक प्रतिवेदन संलग्न भएको छैन। कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकात वेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागी पारिश्रमिक कार्यक्रमलाई विश्वसनिय तथा प्रभावकारी वनाउनुपर्दछ ।	
४३.	**औषधी खरिदः** १९/०७/०७,९०/११/११ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु.९९९७५९ को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्रिानुसार छनः	
	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
	आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको	
	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	
	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर	

अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४४. **पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा आर्थिक बर्षको अन्त्यसम्ममा पेश्की फछ्यौट गरी सक्नु पर्ने व्यवस्था भएकोमा नगरपालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसार व्यक्ति, उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु.. ७०००००

गो भौ न र मिति	पेश्की लिनेको नाम	बापत	रकम
२७८,२०७७.०३.०९	सुन्दरबजार थालेखर्क रिपमैदान ग्रामिण सडक उपभोक्ता समिति	सडक स्तरउन्नती कार्य	५०००००
२८९,२०७७.०३.१२	बानेथोक रयाले रिजु ग्रामिण सडक उपभोक्ता समिति	सडक स्तरउन्नती कार्य	२०००००
जम्मा			७०००००

४४.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा आर्थिक बर्षको अन्त्यसम्ममा पेश्की फछ्यौट गरी सक्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्ना निर्माण व्यवसायीहरुको नाममा रहेको पेश्की रकम नियमानुसार समयमै फछ्यौट गर्नुपर्दछ।

गो भौ न र मिति	पेश्की लिनेको नाम	बापत	रकम
३९५,२०७७.०३.२९	बि एण्ड बि कन्सट्रक्सन प्रा लि	मोबिलाइजेशन पेश्की	११८५०००
४१५,२०७७.०३.३१	फेवा गजिन्द्र जे भी	मोबिलाइजेशन पेश्की	६०२८४०२
१८१,२०७७.०३.१७	रुप निर्माण सेवा	मोबिलाइजेशन पेश्की	६५००००
२०६,२०७७.०३.२५	खिलुङ्ग कालिका निर्माण सेवा	मोबिलाइजेशन पेश्की	७०७५००
२०६,२०७७.०३.२५	जे एल सी विल्डर्स प्रा लि	मोबिलाइजेशन पेश्की	९०००००
२२४,२०७७.०३.३०	जे एल सी विल्डर्स प्रा लि	मोबिलाइजेशन पेश्की	१९०००००
		जम्मा	११३७०९०२

पालिकावाट प्राप्त प्रमाणित म ले प फ नं २११ अनुसार पालिकाको यस आर्थिक वर्षको पेश्की रु १२०७०९०२।०० रहेकोमा सुत्रको वित्तिय प्रतिवेदन अनुसार रु. १७८१९९०२।०० पेश्की वाँकी देखिन्छ। पालिकावाट प्राप्त पेश्की विवरण र सुत्रको वितिय प्रतिवेदन विचको फरक रु५७४९०००।०० वारे पालिकाले स्पष्ट पार्नुपर्ने देखिन्छ।

अनुसूचि १

पालिकाको संचितकोषको विवरण

२०७६।०७७

प्रदेश: गण्डकी (रु हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय					जम्मा आय					मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाडफाड	आन्तरीक आय	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	भीरकोट नगरपालिका	स्याङ्जा	३०६८०	३५८८१५	५१३४७	९३६३	१६७६८७	५८७२१२	२८४१४८	१२१९४३	१७५४७९	५८१५७०	३६३२२

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसूचि २

२०७६।७७

(रु हजारमा)

सि नं	जिल्ला	स्थानिय तहको नाम	प्रारम्भिक वेरुजु			प्रतिक्रियावाट फछ्यौट			वाँकी वेरुजु			वाँकी वेरुजु								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगति		सैदान्तिक	लगति		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिएको	जम्मा	कमंचारी	अन्य	जम्मा
१	स्याङ्जा	भीरकोट नगरपालिका	२८	१६	२३५१६	०	०	०	२८	१६	२३५१६	२०२७	१२७६३	८०२६	०	०	२०७८९	०	७००	७००

अनुसूची ३

अद्यावधिक वेरुजु स्थीती

(रु हजारमा)

क्र स	स्थानिय तह	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो बर्षको फछ्यौट	बाकी	यो बर्ष सम्पबाट कायम बेरुजु	यो बर्षको बेरुजु	कुल बाकी बेरुजु
१	भीरकोट नगरपालिका	स्याङ्जा	१५१२१	२३२३	१२७९८	०	२३५१६	३६३१४